# एक अगुवाको विश्वासको प्रार्थनाः

सेवकाई र जीवनमा तपाईंले आफ्ना क्षमताभन्दा बाहिरका बाधाहरूको सामना गर्नु पर्नेछ। र त्यस समयमा, तपाईंले यसलाई कसरी सम्हाल्नुहुन्छ जान्न आवश्यक छ। खम्बाहरू पाठ्यक्रममा, वास्तवमै महत्त्वपूर्ण विषय भनेको एक अगुवाको विश्वासको प्रार्थना हो। हामी अगुवाहरू भएको कारण विश्वासका साथ प्रार्थना गर्छौं, किनकि हामीले आफूलाई हाम्रो नियन्त्रणभन्दा बाहिरका स्थानहरूमा पाउँछौं। पुरानो करारमा भएको राजा हिजकियाको विषयमा हामी हेर्न सक्छौं । उनीसँग यस्तो भयो, कि उनले शत्रु राष्ट्रबाट एउटा पत्र पाए जसमा यसो भनिएको थियो, “कि त हाम्रो दास बन्नुहोस् वा हामी तपाईंलाई मार्नेछौं।” यो फोस्रो धम्की होइन तर यो वास्तविक हो अनि अवस्था नाजुक छ भनेर हिजकिया राजालाई थाहा थियो। इस्राएली राष्ट्रसँग यो सेनालाई परास्त गर्ने क्षमता थिएन। यो परिस्थिति वास्तविक थियो। हामीलाई थाहा छ कि हाम्रो जीवन र सेवकाईमा पनि हामीले वास्तविक परिस्थितिहरूसित सामना गर्नुपर्छ, जहाँ एक प्रकारले भन्ने हो भने हामीले एउटा पत्र, अथवा हुनआउने कुनै कुराको चेतना पाउँछौं। चुनौतीपूर्ण कुराचाहिँ यो हो, कि त्यो कुराको वास्तविकताबाट हामी अन्जान हुँदैनौं। यो हाम्रो नियन्त्रणभन्दा बाहिरको कुरा हो।

हामी के गर्छौं? हिजकियाले के गरे सो यहाँ हेरौं । २ राजा अध्याय १९:१४ ले यसो भन्दछ, “हिजकियाले यो चिट्ठी समाचारवाहकहरूबाट लिए, र पढे। उनले यसलाई बेवास्ता गरेनन्। उनले त्यहाँ नभएको ढोंग गरेनन्। उनले पढे। तब तिनी परमप्रभुको मन्दिरमा उक्लेर गए, र परमप्रभुको सामुन्ने त्यो खोलेर राखिदिए।”

हिजकियालाई थाहा थियो,कि आफ्नो नियन्त्रणभन्दा बाहिरको परिस्थितिसँग जुध्दा के गर्नुपर्छ। उनमा नम्रता पाउँछौं। उसले आफ्नै योजना बनाएनन्, नता कुनै रणनीति नै बनाए। उनले तत्काल बैठक पनि बोलाएनन्। उनी मन्दिरमा गए अनि परमेश्वरलाई भने, “हे परमेश्वर, यो परिस्थितिलाई तपाईंले मात्र सम्हाल्न सक्नुहुन्छ। यो हाम्रो क्षमताभन्दा बाहिरको कुरा हो। हामीसँग यसलाई तपाईंको पाऊमा राखेर “हे परमेश्वर, तपाईंकै हातमा राख्छौं” भन्नुबाहेक अरू कुनै विकल्प छैन। हिजकियाले मन्दिरमा गरेको यो प्रार्थना विश्वासको प्रार्थना हो। जब तपाईंले अवरोध र चुनौतिहरूको सामना गर्दा तपाईंले थाह गर्नुपर्छ, कि तपाईंको प्रथम प्रतिक्रिया समस्या समाधानको खोजी हुनुहुँदैन। तपाईंको पहिलो प्रतिक्रिया भनेको परमेश्वरको उपस्थितिमा गएर यसो भन्नु हो, “हे परमेश्वर, हामी केही गर्न सक्दैनौं। तपाईंले मात्र यो देख्न सक्नुहुन्छ।”

हिजकियाको विश्वासको प्रार्थनामा तीनवटा भाग छन्। पहिलो भाग, तिनले आफ्नो विश्वास निर्माण गर्छन्। दोस्रो भागमा तिनले आफ्ना अनुरोधहरू प्रस्तुत गर्छन्। र त्यसपछि हामी हेर्नेछौं, रोचक रूपमा, तेस्रो भागमा के हुन्छ। तर मुख्य कुराचाहिँ आफ्नो विश्वास निर्माण गर्नु हो।

२ राजा १९:१५, हिजकियाले परमप्रभुमा यो प्रार्थना चढाए, “हे परमप्रभु, इस्राएलका परमेश्वर, जो करुबहरूका बीचमा सिंहासनमा विराजमान हुनुहुन्छ, पृथ्वीका सारा राज्यहरूमा तपाईं मात्र परमेश्वर हुनुहुन्छ। तपाईंले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।” चाखलाग्दो कुरा के छ भने हिजकियाले समस्यामा ध्यान केन्द्रित गरेर प्रार्थना सुरु गरेनन्। तिनले आफ्नो विश्वास निर्माण गरेर सुरु गर्छ। तिनले परमेश्वर को हुनुहुन्छ भन्ने कुरा उहाँका नाउँका प्रयोगद्वारा बयान गरे। यहाँ हिजकियाले के गर्दैछन् भने तिनी त्यस्तो ठाउँमा आउँदैछ जहाँ तिनलाई साँच्चै विश्वासको निश्चयता छ। प्रायःजसो हामी तब नै प्रार्थना गर्छौं जब अवरोध र चुनौतिहरूको सामना गर्छौं।

तर यदि हामी इमानदार छौं भने, हामीले स्वीकार्नु पर्छ, कि हाम्रो प्रार्थना विश्वासको प्रार्थना नभएर डरको कारण हामी प्रार्थना गर्छौं। हाम्रा खाँचोहरूलाई परमेश्वरको अगि ल्याउँदै गर्दा हामी त्यो ठाउँमा आउनुपर्छ, जहाँ

परमेश्वर र पवित्र आत्माले हाम्रो विश्वास निर्माण गर्नुहुन्छ। यहाँ हामी हिजकियाको अनुकरण गरौं। के वा कसरी भन्ने कुरामा नभएर हाम्रो ध्यान कसमा केन्द्रित हुनु आवश्यक छ।

यही कुरा खीष्टले आफ्ना चेलाहरूलाई सिकाउनुभयो जब तिनीहरूले भने, “हामीलाई कसरी प्रार्थना गर्ने सिकाउनुहोस्।” उहाँले भन्नुभयो,“तिमीहरूले प्रार्थना गर्दा यसो भन, ‘हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस्।” तपाईंले परमेश्वर को हुनुहुन्छ भन्ने पहिचानबाट सुरु गर्नुहास्। उहाँ एक असल परमेश्वर हुनुहुन्छ र उहाँ हरतरहले असल पिता हुनुहुन्छ। तपाईंले आफूलाई उहाँको भलाइको सम्झना गराउनुहोस्। धेरैचोटि हामीमा आत्मिक भ्रान्ति हुन्छ, जसको कारण हामी परमेश्वर को हुनुहुन्छ, भन्ने कुरा बिर्सिन्छौं। उहाँकहाँ हाम्रा निवेदन ल्याउन अघि हाम्रो विश्वासलाई हामीले निर्माण गर्नुपर्छ, हामी निश्चित हुनुपर्छ, कि परमेश्वरले यो प्रार्थनाको जवाफ दिनुहुनेछ। हिजकियाले झैं तपाईंले पनि परमेश्वर को हुनुहुन्छ भनी स्मरण गर्नुहोस्। तपाईंले यो धर्मशास्त्राको कुनै खण्ड जस्तै भजनसंग्रहको एउटा खण्ड अथवा पुरानो करारको कुनै कथाहरू पढ्न सक्नुहुन्छ, जसले परमेश्वरको शक्ति र उहाँको अख्तियारको बारे बयान गर्दछ, उहाँले कसरी सम्पूर्ण धर्मशास्त्रमा मानिसहरूका लागि आश्चर्यकर्महरू गर्नुभयो भनी बताउँदछ। यसले तपाईंको विश्वासलाई बनाउँदछ। तपाईंले आफ्नो विषयमा मूल्यांकन गर्न सक्नुहुन्छ, के तपाईंले परमेश्वरको विश्वासयोग्यतालाई बिर्सनुभएको छ, अथवा उहाँले प्रार्थनाको जवाफ दिनुभएको समयलाई भुल्नुभयो? उहाँले अन्य मानिसहरूद्वारा पनि काम गर्नुभयो सो सम्झना गर्नुहोस्। हिजकियाले विश्वासको प्रार्थनामा प्रशस्त समय बिताएका थिए, जसको कारण तिनको विश्वास निर्माण भएको थियो। यदि तपाईंले यसो गर्नुभएन भने, तपाईंले प्रार्थना त गर्नुहुन्छ तर त्यो प्रार्थना आतंकले भरेको प्रार्थना हुनेछ। यो केवल एक प्रकारको सपना अथवा सोंच मात्र हुन्छ, जसलाई पुष्टि गर्ने कुनै विश्वास हुँदैन। यो केवल एक संस्कार बन्न सक्छ। “ठीक छ, मैले प्रार्थना गरें। मैले जे गर्नुपर्ने थियो त्यो गरें। अब काम गरौं।” तर त्यहाँ वास्तवमा अपेक्षा नहुन सक्छ। हिजकियाले जब परमेश्वरमा प्रार्थना गरे,त्यहाँ तिनको हृदयमा विश्वास थियो।

यो प्रार्थनामा परमेश्वर हुनुहुन्छ। परमेश्वरले निश्चय नै यसको जवाफ दिनुहुनेछ। त्यसैले तिनले आफ्नो विश्वास निर्माण गरेर सुरु गर्छ। जब तपाईं आफ्नो क्षमताभन्दा बाहिरको अवरोध सामना गर्नुहुन्छ, तपाईंको विश्वास निर्माण गरेर सुरु गर्नुहोस्। त्यसपछि तिनी दोस्रो बिन्दुमा आउँछन्। यहाँ हिजकियाले आफ्नो अनुरोध प्रस्तुत गर्दछ। २ राजा १९:१९ हेर्नुहोस्। यहाँ हिजकियाको अनुरोध छ, “अब हे परमप्रभु हाम्रा परमेश्वर,उनको हातबाट हामीलाई बचाउनुहोस्, ताकि पृथ्वीका सबै राज्यहरूले यो जानून् कि परमप्रभु, तपाईं मात्र परमेश्वर हुनुहुन्छ। हिजकियाको प्रार्थनाको बारेमा कदरयोग्य कुरा के छ भने, यो धेरै सरल छ, धेरै स्पष्ट छ। तिनले परमेश्वरलाई खास दुइ कुरा मात्र भन्छन्:

हामीलाई बचाउनुहोस्।

हामीलाई छुटकारा दिनुहोस्।

कहिलेकहीं हाम्रा प्रार्थनाहरू शब्दहरूको थुप्रो मात्र हुन्छ। वास्तवमा, येशूले मत्ती ६:७ मा यसबारे बताउनुभएको छ। येशूले आफ्ना चेलाहरूलाई यहाँ यसरी प्रार्थना गर्न सिकाउनुभएको छ, “र प्रार्थना गर्दा अन्यजाति जस्ता व्यर्थै नबरबराओ। किनभने धेरै शब्दमा बोल्दा तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार गर्दछन्।”

हिजकियाले ती कुरा नै गर्दैथिए, जुन कुरा येशूले हजारौं वर्षपछि सिकाउनु हुने थियो। येशूले भन्नुहुन्छ, “सुन, भीख नमाग।” तपाईंले प्रार्थना गर्दा भीख माग्नु पर्दैन। तपाईंको प्रार्थनाले परमेश्वरबाट उहाँको पक्षमा केही कमाउन पर्छ जस्तो महसुस नगर्नुहोस्। तपाईंले आफ्नो प्रार्थनाद्वारा आफ्नो आत्मिकता प्रमाणित गर्नुपर्छ जस्तो नठान्नुहोस्। निस्सन्देह, प्रार्थना भावुक हुन सक्छ। तर हिजकियाले हामीलाई प्रार्थनाको एउटा धेरै राम्रो उदाहरण

दिन्छन्, जुन वास्तवमा धेरै सरल साथै धेरै स्पष्ट छ। परमेश्वरलाई उहाँको निम्ति स्पष्टता चाहिँदैन, तर उहाँले हामीलाई स्पष्टता दिन चाहनुहुन्छ। हामीले के माग्दैछौं भन्ने हामीलाई स्पष्ट छ भने जब परमेश्वरले दिनुहुन्छ, हामीलाई स्पष्ट रूपमा थाहा हुन्छ कि उहाँले हामीलाई कसरी जवाफ दिनुभएको छ। हामीलाई प्रार्थनाको यो स्पष्टता चाहिन्छ जहाँ हामी परमेश्वरलाई के चाहिन्छ भनेर बताउन सक्छौं।

एक पटक, मेरो छोरो सानो छँदा मकहाँ आयो, र उसले म केही गरूँ भन्ने चाहना राख्यो। तर ऊ धेरै चिन्तित थियो र यसको बारेमा अप्ठ्यारो महसुस गर्दैथियो। उसले के-के कुरा भन्यो, तर मैले केही बुझिनँ। उसले के भन्नुपर्ने त्यो भन्नै सकेन। मैले अन्त्यमा मेरो छोरालाई रोकेर भनें, “छोरो, के चाहन्छौ मलाई भन।” त्यसपछि मेरो छोराले मलाई स्पष्ट र सजिलै भन्यो। निस्सन्देह, एक बुबाको रूपमा, मैले उसलाई जवाफ दिएँ। परमेश्वरले हामीलाई पनि भन्नुहुन्छ, “तिमीलाई के चाहियो भन।” स्पष्ट हुनुहोस्। निर्दिष्ट हुनुहोस्। सरल हुनुहोस्।

“तिमीलाई के चाहिन्छ मलाई भन।” जसरी एउटा बालक आफ्ना बाबुकहाँ आएर उनको कुरा राख्न सक्छ, त्यस्तै प्रकारले हाम्रा परमेश्वरले हामीलाई उहाँकहाँ आएर हाम्रो बिन्ती राख्ने अनुमति दिनुहुन्छ।

यहाँ हिजकियालाई हेरौं। पहिलो, तिनले आफ्नो विश्वास निर्माण गर्छन् जसद्वारा तिनले साँचो विश्वाससाथ प्रार्थना गर्न सक्छन्। हामीले पनि हाम्रो विश्वास निर्माण गर्नुपर्छ। त्यसपछि तिनी एकदम स्पष्ट, सरल अनुरोधको साथ परमेश्वरकहाँ आउँछन्। तपाईंको स्पष्ट, सरल अनुरोध के हो, जसलाई परमेश्वरले जवाफ दिन चाहनुहुन्छ अनि तपाईं यसो भन्न सक्नुहुन्छ, “अहो! मैले जे मागेको थिएँ त्यो पाएँ!!”

अब तपाईं प्रार्थनाको धेरै महत्त्वपूर्ण तेस्रो भागमा आउनुहुन्छ जुन कुरालाई प्रायः हामी विश्वासको प्रार्थनाबाट छोडिपठाउँछौं। तर यो अत्यन्त महत्त्वपूर्ण छ। हामीले फेरि २ राजा १९:१९ हेरौं।

“अब हे परमप्रभु हाम्रा परमेश्वर” हिजकियाले प्रार्थना गरिरहेछन्, “तिनको हातबाट हामीलाई बचाउनुहोस्, ताकि पृथ्वीका सबै राज्यहरूले यो जानून् कि परमप्रभु, तपाईं मात्र परमेश्वर हुनुहुन्छ।”

तिनले प्रार्थनामा प्रयोग गरेको यो शब्द “ताकि” लाई ध्यान दिनुहोस्।

तपाईंले देख्नुभयो, हिजकियाले यहाँ के गरिरहेका छन्? तिनले आफ्नो अनुरोधलाई परमेश्वरको अगि पेश गरिरहेछन् अनि त्यहाँ “ताकि” पनि थप्दैछ। यसरी तिनले आफ्नो व्यक्तिगत अनुरोधलाई परमेश्वरको ठूलो राज्यको उद्देश्यसँग जोड्दैछन्।

परमेश्वरले हामीले सामना गरेका समय, कठिनाइ, अथवा खाँचोहरूलाई त्यसै व्यर्थमा जान दिनुहुन्न। उहाँसँग परमेश्वरको राज्यको उद्देश्य सदैव जोडिएको हुन्छ। जब पनि हामी विश्वासको प्रार्थनाको साथ प्रभुमा आउँछौं, हामी यति नै बुझिरहेका हुन्छौं, “मैले मेरो विश्वासलाई निर्माण गर्नुपर्छ,” किनभने “मैले एउटा अनुरोध प्रस्तुत गर्नुपर्दछ” यसरी हाम्रो प्रार्थना त्यहीं नै समाप्त हुन्छ। तर हिजकियाको प्रार्थना “हामीलाई बचाउनुहोस्” भनेर समाप्त हुँदैन। तिनले त्यसमा “ताकि” भन्ने कुरा थप्नछन्, यसरी तिनको हरेक प्रार्थना सधैं परमेश्वरको राज्यको उद्देश्यसँग जोडिएको पाइन्छ। जब तपाईंले कुनै विषयमा विश्वासको प्रार्थना गर्दै गरेका हुन्छ, अनि त्यो समयमा तपाईंलाई यो विचार आउँछ, “अहो, यो मेरो प्रार्थनामा कतै स्वार्थीपन ता छैन?” तब तपाईंले “ताकि” भनेर यसलाई परमेश्वरको राज्यको ठूलो उद्देश्यसँग जोड्नुहुन्छ भने तपाईंले पत्ता लगाउनुहुनेछ कि तपाईंको प्रार्थनामा कुनै स्वार्थ छैन।

तपाईंले यसलाई जोड्ने काम गर्दैहुनुहुन्छ। कहिलेकहीं, हामीलाई “ताकि” के हो सो थाहा हुँदैन, तर तपाईंको प्रार्थनामा, जब तपाईंले आफ्नो अनुरोध पेश गर्नुहुन्छ आफ्नो हृदय र दिमागलाई पवित्र आत्माको अगि खुला

राख्नुहुन्छ तब उहाँले भर्नुहुनेछ। पवित्र आत्मा आउनुहुन्छ अनि तपाईंलाई "ताकि" के हो सो प्रकट गर्नुहुन्छ। तपाईंले यसरी परमेश्वरले के गरिरहनुभएको छ भन्ने ठूलो उद्देश्यको प्रकाश पाउनुहुनेछ। यस्ता प्रार्थनाहरूमा विचार गर्नुहोस्, जहाँ "ताकि" हुन्छ।

तपाईंले आफ्नो विश्वास निर्माण गर्नुहुन्छ र भन्नुहुन्छ, "हे परमेश्वर, मेरो काममा मलाई अनुग्रह दिनुहोस्, ताकि मेरा सहकर्मीहरूले तपाईंको रचनात्मकता र मेरो जीवनमा तपाईंको मार्गदर्शन देखून्। हे परमेश्वर, मलाई एक उदारचित्तसाथ दिने मानिस(उदार दाता)बनाउनुहोस्, ताकि मानिसहरूले तपाईंको प्रशस्तता देखून् अनि म तपाईंको विश्वासयोग्यतालाई जान्न सकूँ। मेरी काकीलाई निको पार्नुहोस्, ताकि उनी धार्मिकताका निम्ति बाँचेर उनको जीवनद्वारा तपाईंको ठूलो महिमा भएको होस्। मेरा छिमेकीहरूले मुक्ति पाऊन् ताकि तिनीहरूले तपाईंको धार्मिकता र सुसमाचार अरूलाई पनि बाँड्न सकून्।

हे परमेश्वर, तपाईंका आत्मा हाम्रो मण्डलीमा खन्याउनुहोस्, ताकि मानिसहरूले तपाईंको महानता, अनुग्रह अनि तपाईंको शक्ति पत्ता लगाउन सकून्। तब हामीसँग भएका हरेक बिन्ती, जो हामीले प्रभुमा ल्याउँछौं, चाहे त्यो साधारण प्रार्थना जस्तै, "मलाई एउटा गाडी जुटाइदिनुहोस्" भन्ने नै किन नहोस्, पवित्र आत्मा परमेश्वरले बाँकी प्रार्थना गर्न सहायता गर्नुहुनेछ, र तपाईंले पत्ता लगाउनुहुनेछ कि तपाईंको बिन्ती कार वा मोटरसाइकलको लागि मात्र हुँदैन, तर त्यहाँबाट परमेश्वरको राज्यको उद्देश्य पूरा हुने कुरा यसमा जोडिएको हुन्छ। हिजकियालाई आफ्नो विश्वास बलियो बनाउन आवश्यक छ भनी थाह थियो। हिजकियालाई थाहा थियो कि तिनले परमेश्वरको अगाडि आफ्नो विषय ल्याउन आवश्यक थियो। तथापि, हिजकियालाई विशेष गरी परमेश्वरले सधैं आफ्नो राज्य निर्माणको काम गरिरहनुभएको छ, र हाम्रा आवश्यकताहरू अनि कठिनाइहरूलाई प्रयोग गरेर उहाँले आफ्नो राज्य स्थापना गरिरहनुभएको छ भनी थाहा थियो। यसकारण "ताकि" परमेश्वरले थप्नुभएको शब्द हो।

यो अगुवाले गर्ने विश्वासको प्रार्थना हो, र यो हामीले हरेक दिन पछ्याउन पर्ने आवश्यक ढाँचा हो। पहिलो, परमेश्वर तपाईं हुनुहुन्छ। आफ्नो विश्वास निर्माण गर्नुहोस्। आफैलाई मूल्यांकन गर्नुहोस्। यदि तपाईंको प्रार्थनामा डर वा चिन्ता छ भने, बाइबलले हामीलाई बताउँछ, "कुनै कुरामा चिन्तित नहोओ...तर धन्यवादसहित।" जब तपाईं भन्नुहुन्छ, "परमेश्वर, तपाईं हुनुहुन्छ," जब तपाईं उहाँको पहिचानमा आफ्नो विश्वास निर्माण गर्दै हुनुहुन्छ, उहाँको स्वभावमा भरोसा गर्दै हुनुहुन्छ, तपाईंले उहाँका कार्यहरू गर्ने तरिका जान्नुहुन्छ। यो जान्न गाह्रो भए तापनि हामीलाई उहाँको स्वभावबारे थाह छ, र हामी जान्न सक्छौं कि उहाँ एक समान हुनुहुन्छ। उहाँ हिजो, आज र सधैंभरि उस्तै हुनुहुन्छ। त्यसोभए तपाईंले आफ्नो विश्वास निर्माण गर्न सुरु गर्नुहोस्। जसरी एउटा बालकले बाबुलाई सरल रूपमा, संक्षिप्तमा आफ्नो माग बताउँछ, त्यसरी नै अब तपाईंले उहाँमा आफ्नो अनुरोध स्पष्ट रूपमा बताउन सक्नुहुन्छ, ताकि जब परमेश्वरले यसको जवाफ दिनुहुन्छ, तपाईंलाई थाहा हुन्छ कि तपाईंले के माग्नुभएको कुरा निश्चित रूपमा पाउनुभयो। तर तपाईंले यो तेस्रो कुरा "ताकि" थप्नुहोस, किनकि तपाईंलाई थाहा छ त्यहीँ नै राज्यको उद्देश्य जोडिएको छ। अगुवाजन,तपाईंहरूलाई म प्रोत्साहित गर्न चाहन्छु, प्रार्थनाको यो हिजकिया ढाँचा अभ्यास गर्नुहोस्। तपाईंको दलहरूलाई यसमा नेतृत्व गर्नुहोस्। यो सत्यता तिनीहरूलाई सिकाउनुहोस्। मैले यसलाई जोड दिएको कारण, किनभने जब हामी वास्तविक अवरोधहरूको सामना गर्छौं, हामीले क्षमताभन्दा बाहिरका बाधाहरूको सामना गरिरहेका बेला हामीमध्ये धेरैको प्रार्थना वास्तवमा मध्य दोस्रो तहमा नै टुङ्गिन्छ।

अक्सर हामी यो धेरै आतंक र डरमा रहेर गरिरहेका हुन्छौं। तर यदि हामीले हाम्रो विश्वासको प्रार्थनालाई यी तीन चरणहरूको आधारमा गर्छौं र ती कुरालाई अभ्यास गर्छौं भने, र हाम्रो निम्ति ती कुरा स्वभाविक हुन्छन् अनि यसबारे सोचिरहनु पर्दैन। परमेश्वर, तपाईं हुनुहुन्छ। हामीलाई बचाउनुहोस्।

एक क्षण शान्त हुनुहोस्, अब तपाईंले सामना गरिरहनुभएको त्यो परिस्थिति बारे सोच्नुहोस्, जो, हिजकियाको झैं क्षमताभन्दा बाहिर छ। के तपाईं यसलाई आफैले ठीक गर्ने ध्येयले समाधानका निम्ति तुरन्त लागिपर्नुभयो, कि तपाईं परमेश्वरकहाँ गएर त्यसलाई उहाँको पाउमा राख्नुभयो? जब तपाईंले आफ्नो  प्रार्थनालाई मूल्यांकन गर्नुभयो, के यो केवल बीचको तहसम्म मात्र सिमित थियो?

समय लिनुहोस्। यस पाठको निष्कर्षमा आउँदा, एक क्षण समय लिनुहोस् र हिजकियाबाट सिक्नुहोस्। तिनको नमुनालाई पछ्याउनुहोस्।  र यदि तपाईंले "ताकि" को जवाफ कसरी दिने थाहा छैन भने पनि उहाँसँग बोल्दै जानुहोस्, नरोक्नुहोस्। म निश्चित छु, कि पवित्र आत्माले तपाईंलाई अन्तरदृष्टि दिनुहुनेछ र तपाईंलाई परमेश्वरले उहाँको राज्य सम्बन्धित शब्दहरू दिनुहुनेछ। परमेश्वर, तपाईं हुनुहुन्छ। हामीलाई बचाउनुहोस्। ताकि तपाईंको राज्य महिमित होस् अनि तपाईंको मण्डली निर्माण होस्। हाम्रो क्षमताबाहिरको बाधाहरूलाई हामीले सामना गर्नेछौं।

परमेश्वरले हामीलाई भन्नुभएको छ, "मकहाँ आओ, र म यसलाई तिमीहरूको निम्ति वशमा पार्नेछु अनि के गर्नुपर्छ सो म गर्नेछु" त्यसैले हरेक अगुवाको निम्ति यो विश्वासको प्रार्थना अनिवार्य छ।